का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक १५४
२४ साउन २०७७, शनिबार
8 August 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शुक्रबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २२२१४ जना | १५८१४ जना | ४२७५०१ जना | ६३३० जना | ७० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ९३ लाख ३७ हजार | १ करोड २४ लाख १८ हजार | ७ लाख १९ हजार | ६२ लाख |

स्रोत : वर्ल्डोमिटर डटकम

स्वास्थ्य मन्त्रालय

# 'अस्पताल र चिकित्सककै अभाव हुनसक्छ'

लकडाउन खुलेपछि राजधानी प्रवेश गर्नेको संख्या बढेको र सावधानी नअपनाई पहलचपल गरिएकाले लगातार संक्रमण बढिरहेकाले उचित सतर्कता नअपनाए अस्पताल र चिकित्सकको समेत अभाव हुनसक्ने स्वास्थ्य मन्त्रालयले चेतावनी दिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन ।

लकडाउन खुलेसँगै राजधानी उपत्यकामा कोभिड-१९ को संक्रमित बढेपछि डेडिकेटेड अस्पतालहरुमा चाप बढेको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र सशस्त्र प्रहरीको बलम्बुस्थित अस्पतालमा संक्रमित हुने संख्या बढिरहेको छ ।

शुक्रबार मात्रै राजधानीमा १०६ जना संक्रमित थपिएका छन् । यो सँगै राजधानीमा संक्रमित संख्या आठ सय नाघेको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा ५० शय्या मध्ये ४९ शययामा बिरामी राखेर उपचार भइरहेको छ । पाटन अस्पतालमा कोभिड-१९ का लागि छुट्टयाइएका ६० शय्या भरिएर थप १२ शय्या पनि संक्रमित राखेर उपचार भइरहेको छ । पाटनमा भर्ना गरिएका संक्रमित मध्ये धेरैजसोमा लक्षण सहितका छन् । ती मध्ये चार जनालाई भेन्टिलेटरमा राखी उपचार भइरहेको छ । शुक्रबार मात्रै दुई जनाको मृत्यु भएको छ ।



राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा सरकारले कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि गरेको कामका बारेमा उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल लगायतका मन्त्रीबाट जानकारी लिँदै । तस्बिर : राष्ट्रपति कार्यालय

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा पनि शय्या अभाव हुन थालेको छ । ५० शय्यामा एउटा मात्र खाली रहेको अस्पतालका निर्देशक डा सागर राजभण्डारीले बताए । अस्पतालमा सघन उपचार कक्ष (आइसियु) २० वटा मध्ये १५ वटामा संक्रमितको उपचार भइरहेको छ । नौ भेन्टिलेटर मध्ये दुई भेन्टिलेटरमा गम्भीर अवस्थाका बिरामीको उपचार भइरहेको छ ।

अस्पतालका निर्देशक डा. राजभण्डारीले संक्रमित बढ्न थालेपछि अब लक्षण भएका संक्रमितलाई मात्र भर्ना गरेर उपचार गरिने बताए । वीर अस्पतालमा दुई जनाको आइसोलेसनमा राखेर उपचार भइरहेको छ । कोभिड-१९ अस्पताल नतोकिए पनि चार वटा आइसोलेसन शय्याको व्यवस्था गरेको वीरका निर्देशक डा केदार सेञ्चुरीले बताए । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा अहिले नौ जना संक्रमितको उपचार भइरहेको छ । ती मध्ये तीन जना आइसियु र छ जनालाई आइसोलेसनमा राखेर उपचार भइरहेको अस्पतालका कोभिड-१९ व्यवस्थापन समितिका संयोजक डा सन्तकुमार दासले बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले लगातार संक्रमित बढिरहेकाले अस्पताल र चिकित्सककै अभाव हुनसक्ने बताए । "मन्त्रालयले तोकेका नियमअनुसार जीवनशैली चलाउन आवश्यक छ । यदि, यसरी नै संक्रमित बढ्दै जाने हो भने राजधानीमा अस्पताल र चिकित्सककै अभाव हुनसक्छ", उनले भने ।

**■४२५ डिस्चार्ज, ४६४ थपिए**

देशभर पछिल्लो २४ घण्टामा ४६४ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार सात हजार ९२६ पिसिआर परीक्षण भएकामा ४६४ जनामा संक्रमण पुष्टि बाँकी पृष्ठ २ मा

## रोकियो प्रशासनिक काम

राजधानी उपत्यकाका तीन वटै जिल्ला प्रशासन कार्यालयलले १५ दिनसम्म अत्यावश्यक बाहेकका काम रोकेका छन् ।

काठमाडौं/मस- काठमाडौं उपत्यकाका तीन वटै जिल्ला प्रशासन कार्यालयले अत्यावश्यक बाहेकका सबै सेवा १५ दिनका लागि स्थगित गर्ने भएका छन् । उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीको शुक्रबार बसेको बैठकले कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम बढेको भन्दै अत्यावश्यक बाहेकका पाँच वटा सेवा १५ दिनका लागि स्थगित गर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरु नागरिकता वितरण, राहदानी वितरण, संस्था दर्ता, जनजाती सिफारिस, नावालक परिचयपत्र वितरण लगायतका सेवाहरु साउन २५ गते आइतबार देखि भदौ ८ गते सोमबार सम्मका लागि स्थगित भएको हो । काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले संक्रमणबाट बच्न, दुरी कायम गर्नका लागि र भीडभाड कम गर्न पहिलो प्रयत्नका रुपमा अत्यावश्यक बाहेकका सेवा प्रवाहलाई स्थगन गरिएको बताए । उनले कोभिडसँग सम्बन्धित पास वितरणको कार्य, बाँकी पृष्ठ २ मा

# अन्योलमा योजना

सरकारले सरकारी विद्यालय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय उडान, अन्तर जिल्ला यातायात लगायत हाल बन्द रहेका सवै क्षेत्र खोल्दै पूर्ण रूपमा लकडाउन खोल्ने योजना अलपत्र परेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन ।

साउन ७ गतेदेखि लकडाउनको अन्त्य गरेको छ । तर, अझै थुप्रै क्षेत्र बन्द छ । जसलाई भदौ १ गतेदेखि खोल्ने निर्णय सरकारले गरिसकेको छ । विशेषगरी शैक्षिक संस्थाहरु, अन्तर जिल्ला यातायात, स्थलगत आवागमन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान अवरुद्ध छ । यी क्षेत्रहरु भदौ १ गतेदेखि खोल्ने सरकारले निर्णय गरिसकेको छ ।

तर, राजधानी उपत्यका सहित ठूला शहरहरुमा संक्रमणको दर उच्च देखिएको छ । बिहीबारदेखि लागू हुनेगरी निजी सवारी साधनमा राजधानी उपत्यका र उपत्यका बाहिरका ३२ जिल्लामा जोरबिजोर प्रणाली लागू गरेको छ । शुक्रबार राजधानी उपत्यकाका प्रशासनले प्रशासनिक काम १५ दिनका लागि स्थगित गरेको छ ।

राजधानीका सञ्चार माध्यम, प्रहरी प्रधान कार्यालय लगायत लगभग धेरैजसो क्षेत्र प्रभावित बनेको छ । यसले सरकारले गरिसकेको निर्णय अब के होला भन्ने अन्योल बढेको छ ।

दिविधामा विद्यालय

राजधानीको उत्तरपूर्वी भेगका स्थानीय तहले भदौ १ गतेदेखि शैक्षिक संस्था खोल्ने तयारी गरे पनि कोरोना भाइरसको संक्रमण बढ्न थालेपछि अभिभावक बालबालिकालाई विद्यालय पठाउने नपठाउने द्विविधामा छन् ।



कागेश्वरी मनोहरा नगरपालिकाले साउन १ गतेदेखि नै नगर क्षेत्रका शैक्षिक संस्था खोल्ने तयारी गरेको थियो । यसका लागि असार १५ गतेदेखि विद्यार्थी भर्ना आह्वान गरेको थियो । साउनदेखि विद्यालय चलाउने वातावरण बनेन । भदौदेखि पनि विद्यालय चल्नेजस्तो वातावरण नदेखिएको अभिभावकको गुनासो छ ।

कागेश्वरीको ४ नं वडाका अभिभावक श्यामचन्द्र पुडासैनी विद्यालयमा बालबालिका पठाउन सक्ने वातावरण नदेखिएको बताउँछन् । शिक्षा मन्त्रालयले साउन दोस्रो साता भदौदेखि विद्यालय सञ्चालन गर्ने गरी तयारी गरेको सूचना सार्वजनिक गरेकामा साउन तेस्रो साता स्वास्थ्य मन्त्रालयले १२ वर्षमुनिका बालबालिकालाई घरबाहिर ननिस्कन आह्वान गरेसँगै अन्योल बढेका उनले बताए ।

स्थानीय तह सञ्चालन ऐन, २०७४ अनुसार माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहमा छ । यस क्षेत्रका स्थानीय तहले विद्यालय सञ्चालनका लागि तयारी गरे पनि कोरोनाका बिरामी बढेसँगै अन्योल देखिएको भन्दै केन्द्रीय तहबाट छिटो निर्णय हुनुपर्नेमा जोड दिएका छन् । यस्तो समस्या देशभर नै छ । त्यसअगाडि नै एसईई र कक्षा ११ को परीक्षा रोकिएका छन् भने अन्य तहको पठनपाठनमा पनि अनिश्चित बनेको छ ।

# तलैसम्म वाकयुद्ध !



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन ।

प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले सामाजिक सञ्जालमा मार्फत् पार्टी प्रवक्ता एवम् सचिवालयका नेता नारायणकाजी श्रेष्ठलाई कडा आरोप लगाएका छन् । उनको ट्वीट शुक्रबार दिनभर अत्यधिक शेयर भयो । रिमालले श्रेष्ठलाई मेनसन नै गरेर पार्टी प्रवक्ताको पदको लाज जोगाउन आग्रह गरेका थिए ।

गुटबन्दीलाई उत्प्रेरकको काम गरेको समेत उनले आरोप लगाएका छन् । 'इनफ इज इनफ' लेख्दै रिमालले लेखेका छन्, "कम से कम पार्टी प्रवक्ता पदको लाज त जोगाउनुहोस् । 'विधि र पद्दती' को नक्कली गीत गाउँदै नेताहरुलाई गुटबन्दीको आगोमा पोल्न उत्तोलक नबन्नोस् ।" रिमालले कसैबाट पनि एकता बिथोल्ने गतिविधि हुन नहुने उल्लेख गरेका छन् ।

रिमालको संकेत बुधबार प्रधानमन्त्री इतर समूहले गरेको पत्रकार सम्मेलनप्रति लक्षित छ । हुन त त्यस श्रेष्ठ भन्दा सिनियर नेताहरु पुष्पकमल दाहाल, झलनाथ खनाल र माधवकुमार नेपालले कडा अभिव्यक्ति दिएका थिए । तर, अरु नेतालाई उत्तोलक बनाउने काम श्रेष्ठबाट भएको रिमालको आरोप छ ।

त्यसो त नेकपाभित्र आरोप प्रत्यारोपमा उत्रने पहिलो व्यक्ति रिमाल होइनन्, प्रदेश नम्बर पाँचका मुख्यमन्त्री शंकर पोखरेल त्यसअगाडि नै पार्टी विवाद पत्रकार भेटघाटमा पुगेको भन्दै आपत्ति जनाएका थिए । प्रधानमन्त्री ओलीले आफू इतर समूहका नेताहरुलाई भारतीय दलालकै संज्ञा दिएका थिए । असार १० गतेबाट शुरु भएर स्थायी कमिटी बैठक भने अन्योलमा परेको बेला ओली इतर समूहले पनि कडा आरोप लगाइरहेका छन् । यसको असर स्थायी कमिटी, केन्द्रीय कमिटी हुँदै स्थानीय तहसम्मै पुगेको छ ।

> संकटको सामुन्ने उभिएको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र नेतृत्वदेखि स्थानीय तहसम्मै वाकयुद्ध चर्किएको छ । प्रधानमन्त्री केपी शर्मा ओली र इतर समूहको लगभग दुई चिरामै विभाजित बनेको छ ।

## मलेसियामा सुरक्षागार्ड कुटपिट प्रकरण:

# लहरो तान्दा पहरो गर्जंदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन

मलेसियामा हालै चर्चित सुरक्षागार्ड कुटपिट प्रकरण लहरो तान्दा पहरो गर्जंदै हुन पुगेको छ । एउटा अपराधमा पक्राउ परेका व्यक्तिको एक पछि अर्को मुद्दामा फस्दै जान थालेपछि यस्तो अवस्था आएको हो ।

सुरक्षागार्डका सुपरभाईजरबाट कुटपिटमा परेका कारण मलेसियाका सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालमा चर्चित बनेका नवलपरासीका ईस्लाम हुसेन एक महिलामाथि अभद्र व्यवहार गरेको गम्भीर आरोपमा तानिएका छन् । उनलाई कुटपिट गर्ने नेपाली सुरक्षागार्ड रामगोपाल मुराउ र हुसेन दुवै जना मलेसियामा अवैधानिक रुपमा बसेको भेद खुलेपछि मलेसियन प्रहरीले दुवै जनाविरुद्ध थप अनुसन्धान शुरु गरेको बताएको छ ।



**वैदेशिक रोजगार विशेष**

थप अनुसन्धानका लागि मलेसियन प्रहरीले अध्यागमन विभागसँग कागजात मागेको बताइएको छ । त्यसैक्रममा हुसेनले केही महिनाअघि एक मलेसियन महिलालाई दुर्व्यवहार गरेको खुलेको हो । गत असार २३ गते मलेसियाको राजधानी क्वालालम्पुर स्थित एक व्यापारिक मलमा ड्युटी गरिरहेका ईस्लाममाथि मुराउले अमानवीय शैलीमा कुटपिट गरेका थिए । हाल दुवै नेपाली मलेसियन प्रहरीको नियन्त्रणमा रहेका छन् ।

मलेसियन प्रहरीले दुवै जना नेपाली मलेसिया प्रवेश गरेको मिति र अवैधरुपमा बसेको सम्बन्धमा प्रमाण जुटाइरहेको बताइएको छ । मुराउविरुद्ध कुटपिट र अध्यागमन तथा हुसेनविरुद्ध अध्यागमन र मलेसियन अपराध संहिताको दफा ३५ तथा ३५४ अन्तर्गत अनुसन्धान हुने बताइएको छ ।

उक्त दफा अनुसार अपराध प्रमाणित भएमा दोषीलाई दश वर्ष कैद, जरिवाना वा शारिरिक दण्ड 'क्यानिङ' हुने व्यवस्था छ । ईस्लामको कानून व्यवसायी रहेकी सुमिता शातिन्नीले घटना धेरै महिनाअघि भएको भएपनि ईस्लाम पक्राउ पर्नुभन्दा तीन दिनअघि मात्र ती महिलाले प्रहरीमा उजुरी गरेको बताएकी छन् । सुमिताले ईस्लामले प्रहरीसामु महिलामाथि दुर्व्यवहार गरेको अभियोग स्वीकार गरेको बताएकी छन् ।

प्रहरीमा आत्मसमर्पण गर्नुअघि मुराउ र ईस्लाम दुवै जना मलेसियास्थित नेपाली दूतावास गएका थिए । दूतावासमा दुवै पक्षबीच छलफल भएपछि मुराउले मलेसियन प्रहरीसमक्ष आत्मसमर्णण गरेका थिए । त्यसपछि ईस्लामलाई पनि मलेसियन प्रहरीले पक्राउ गरेको बताइएको छ । नेपाली दूतावासको उजुरीका कारण नेपालीहरु लामो समय जेल पर्ने भन्दै कतिपयले प्रहरीमा आफ्ना नागरिकविरुद्ध उजुरी दिने दूतावासको कदमको आलोचना गरेका छन् ।

# तत्काल भेला भएर पठनपाठन सम्भव छैन : शिक्षामन्त्री



**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले कोरोना भाइरस संक्रमणको जोखिम बढ्दै गएकाले सबै तहका सरकारले बैकल्पिक शिक्षा प्रणालीलाई प्राथमिकता दिनुपर्ने बताएका छन् । संघीय संसद, प्रतिनिधिसभा अन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिको शुक्रबार बसेको बैठकमा मन्त्री पोखरेलले संक्रमणको जोखिम बढ्दै गएकाले प्रत्यक्ष कक्षा कोठामा भेला भएर पठनपाठन गर्ने अवस्था नरहेकाले सबै तहका सरकारले बैकल्पिक सिकाईलाई जोड दिनुपर्ने बताएका हुन् । उनले वर्तमान अवस्था असामान्य रहेकाले असामान्य ढंगले नै सिकाई र बुझाईका मान्यताहरुलाई विकास गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले बन्दा बन्दीका समयमा विभिन्न बैकल्पिक माध्यमबाट गरिएको सिकाई शैक्षिक सत्रसँग जोडिने र शैक्षिक सत्रको गणना हुने जानकारी गराउँदै सोही अनुसार वैकल्पिक सिकाईलाई स्थानीय सरकारले जोड दिनुपर्ने बताए ।

उनले भने, 'प्रत्यक्ष कक्षा कोठामा उपस्थिति भएर पठन पाठन गराउने अवस्था छैन । असामान्य परिस्थितिमा असामान्य ढंगले हाम्रा मान्यताहरु विकास गर्नुपर्ने हुन्छ । तिनीहरुले भोली सामान्य परिस्थितिको लागि पनि योगदान दिन सक्दछन् ।'

उनले लामो समय देखि स्कुलहरु बन्द रहेकाले पठन पाठन प्रभावित रहेको तर्फ सरकार सचेत र गम्भीर बन्दै दुरशिक्षाको पद्धतिको आधारमा सिकाई अगाडि बढाउन निर्देशिका जारी गरेको बताए । उनले शिक्षालयहरुलाई संक्रमण हुने केन्द्रको रुपमा अगाडि बढ्न नदिने तर्फ सरकार सचेत रहेको बताए ।

उनले भने, 'शिक्षालयहरुलाई संक्रमण हुने केन्द्रको रुपमा अगाडि बढ्न नदिनका लागि हमीले गम्भीरतापूर्वक लिनुपर्छ । यो राज्यले श्रृजना गरेको विभेद होइन । परिस्थितिले ल्याएको हो । स्कुलहरुको पुन संञ्चालनको कार्य ढाँचा निर्माणको अन्तिम चरणमा छौं । कोरोनाको महाविपत्तिले समग्र अर्थतन्त्रमा पारेको प्रावलई पनि हेर्नुपर्‍यो । शिक्षा एक्लैलाई मात्रै हेर्ने कुरा छैन ।'

उनले सामुदायिक स्कुलका शिक्षकहरुलाई साउन महिना भित्र स्कुल पुग्न निर्देशन भएको र सो विषयमा सरकारले कुनै पनि किसिमको छुट दिन नसक्ने बताए । पठन पाठन सुरु नभएको अवस्थामा सरकारी शिक्षकहरुलाई स्कुल पुग्नैपर्ने निर्देशनको विरोध भईरहेका बेला मन्त्री पोखेलले सो निर्देशनलाई सरकारले पुर्नविचार नगर्ने स्पष्ट पारे ।

उनले भने, 'लकडाउनका कारण हुन सक्ने समस्याको व्यवहारीक कुराहरुको समाधान हुन्छ । तर यो वा अर्को नाममा स्कुलसंग नगाँसिने कुरा हुन सक्तैन ।'

उनले निजि क्षेत्रबाट सञ्चालित विद्यालयहरुलाई राज्यले भिन्न ढंगले हेर्न नसक्ने स्पष्ट पारे । बैठकमा केही समिति सदस्यले निजी क्षेत्रबाट सञ्चालित विद्यालयले अनलाईन शिक्षा सुरु गरेको भएपनि तीनै स्कुलका शिक्षकले तलब नपाएको तर सामुदायिक स्कुलकका शिक्षकले बसी बसी तलब पाईराखेको भन्दै उनीहरुको समस्याको सम्बोधन पनि सरकारले गर्नुपर्ने धारणा राखेका थिए । केही सदस्यले विगतमा मुनाफा कमाएक निजी स्कुलले शिक्षकलाई तलब दिन नसके ती स्कुलका विद्यार्थी र शिक्षकको जिम्मा सरकारले लिनुपर्ने धारणा राखेका थिए । समिति सदस्य अञ्जना बिशंखेले शिक्षकलाई तलब दिन नसक्ने नीजि स्कुलले आफ्नो स्वामित्व सरकारलाई सुम्पनुपर्ने धारणा राखिन् । सदस्य खगराज अधिकारीले नीजि क्षेत्रका विद्यालयका शिक्षकहरु बेरोजगार भएकाले आधा तलब सरकारले वेहोर गर्ने गरि समस्या सम्बोधन गर्नुपर्ने बताए । सरिता न्यौपाने लगायत केही सदस्यले विद्यार्थीमा मनोबैज्ञानिक त्रास बढ्दै गएकाले त्यस तर्फ पनि गम्भीर बन्नुपर्ने आवश्यकता औल्याए ।

मन्त्री पोखेलले संक्रमितलाई राख्नका लागि बैकल्पिक व्यवस्था गरि क्वारेन्टीन बनाईएका स्कुलहरुलाई क्रमैसंग खाली गर्ने र निर्मलिकरण गरिने स्पष्ट पारे । उनले निजी क्षेत्रबाट सञ्चालित स्कुलले लिने भर्ना लगायत शुल्कका बारेमा भने केही बताएनन् ।

# राष्ट्रियसभाका समितिहरुमा सभापति चयन



**काठमाडौं/मस-** संघीय संसद राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरुमा भएको सभापतिको निर्वाचनमा सबै समितिका सभापतिहरु निर्विरोध निर्वाचित भएका छन् । दिगो विकास तथा सुशासन समितिमा तारादेवी भट्ट, विधायन व्यवस्थापन समितिमा परशुराम मेघी गुरुङ, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रामनारायण विडारी र राष्ट्रिय सरोकार समन्वय समितिमा दिलकुमारी रावल थापा शुक्रबार निर्वाचित भएका हुन् ।

बिहीबार मनोनयन दर्ता हुँदा चारवटै समितिमा एक-एक जनाको मात्रै उम्मेद्वारी परेको थियो । त्यसैले उनीहरु निर्विरोध निर्वाचित भएको घोषणा गरिएको हो । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा निर्वाचित भएका रामनारायण विडारीले यसअघि प्रत्यायोजित विधायन, सरकारी आश्वासन र राष्ट्रिय महत्वका दास्तावेजहरुलाई व्यवस्थापन गर्ने कार्यको सुरुवात भइको र अव कार्यान्वयनमा जाने बेला भएको बताए ।

उनले सरकारलाई कानून निर्माणमा सचेत गराउने, संवैधानिक अंगहरुलाई सचेत गराउने कार्यलाई प्रभावकारी बनाइने बताए । उनले भने, 'अव सरकारलाई छोडिन्न, अब सरकारलाई के छोडिन्न भने मनलाग्दी कानून बनाउन छोडिन्न, अब सरकारलाई नियन्त्रण गरिन्छ, सरकारलाई सचेत गराइन्छ र संवैधानिक अंगहरुलाई पनि कानून मनलाग्दी बनाउन पाइँदैन भनेर रोकिन्छ । चाहे निर्वाचन आयोग होस्, चाहे अख्तियार दुरुपयोग अनुसन्धान आयोग होस्, चाहे सर्वोच्च अदालत होस् कानून बनाउने निकाय ती होइनन् । त्यसकारण तिनिहरुले कानून बनाउँदा संसदलाई सिरोधार्य गरेर, संसदको न्यायिक अधिकार नमिच्ने गरी संघीय संदको क्षेत्राधिकार भित्र बसेर हामी उनीहरुलाई प्रत्यायोजित सम्बन्धमा निगरानी गर्छौं, नियन्त्रण गर्छौं, निर्देशन दिन्छौं र कार्यान्वयन गराउँछौं ।'

दिगो विकास तथा सुशासन समितिका सभापति तारादेवी भट्टले समितिले यस अघि सुरु गरेका कार्यक्रमलाई पूर्णता दिँदै सरकारलाई थप सचेत बनाउने कामलाई अगाडि बढाउने बताइन् । उनले विभिन्न मन्त्रालय अन्तर्गत के-के काम भइराखेको छ र सरकारले के गरिरहेको छ भन्ने कुरामा ओभरसाइड गर्ने बताइन् । उनले भनिन्, 'हाम्रो कार्ययोजना विभिन्न मन्त्रालय अन्तर्गत १७ वटा लक्ष्यहरु छन् । ती मन्त्रालय अन्तर्गत के-के काम भइरहेको छ र हाम्रो यो समितिले सरकारलाई कहाँ के भइराखेको छ भन्ने कुरामा हामीले ओभरसाइड गर्नेछौं ।'

राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती)ले वार्षिक कार्ययोजना निर्माण गरी समितिका कामकारबाहीलाई अगाडि बढाउने प्रतिवद्धता व्यक्त गरिन् ।

# सरकारी पैसा व्यक्तिको खातामा राख्ने लेखापालसहित चार पक्राउ

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम,



प्रहरीले गाउँपालिकाको सरकारी खातामा भएको पैसा ब्यक्तिको खातामा राखेको अभियोगमा चार जनालाई पक्राउ गरेको छ । सरकारी पैसा व्यक्तिको खातामा राख्ने रुकुम पश्चिमस्थित त्रिवेणी गाउँपालिकाका लेखापाल हेमन्त केसी सहित चार जना पक्राउ परेका हुन् ।

गाउँपालिकाको पैसा व्यक्तिगत खातामा राखेको खुल्न आएपछि लेखापाल केसीसहित उनका भाइ विकास भतिजा सुवास केसी, र अर्का भतिजा भीमसेनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी प्रमुख डीएसपी ठकबहादुर केसीले मध्यान्हलाई जानकारी दिए । उनका अनुसार उनीहरु राति ९ बजेसम्म बाहिरबाट ताला लगाई कार्यालयमै कागजात मिलाउँदै गरेको भन्ने खबर प्राप्त भएपछि तत्कालै खटीएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

प्रमुख जिल्ला अधिकारीको निर्देशनमा उनीहरुलाई नियन्त्रणपछि प्रशासनको जिम्मा लगाइएको डिएसपी केसीले बताए । उनीहरुलाई अहिले जिल्ला प्रशासन कार्यालयले छानविन कार्य सुरु गरेको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले जानकारी दिए । प्रजिअ पौडेलका अनुसार कर्मचारी सहित उका परिवारका सदस्य पनि कार्यालयमा भेटिएको हुँदा घटना रहस्यमय बनेको र उनिहरुलाई प्रशासन कार्यालयले थप अनुसन्धान अगाडी बढाएको छ । लेखापाल केसीले गत आर्थिक वर्ष २०७६/०७७ को बजेटबाट २४ लाख ९२ हजार ३७२ श्रीमती र भतिजा सुवासको खातामा जम्मा गरेका थिए ।

# विप्लव समूहका चार जना पक्राउ

**रुकुम पश्चिम/मस-** सरकारद्वारा प्रतिबन्धित दल नेत्रविक्रम चन्द (विप्लव) समूहका रुकुम (पश्चिम) जिल्ला सेक्रेटरीसहित चार नेता कार्यकर्ता पक्राउ परेका छन् । जिल्लाको आठबीसकोट नगरपालिका-९, राडी बजारबाट जिल्ला सेक्रेटरी हिरामणि रावलसहित चार जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

होटेलमा लुकीछिपी कार्यक्रम गरिरहेको भन्ने गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जिल्लाको मुसीकोट नगरपालिका-६ का ३९ वर्षीय जिल्ला सेक्रेटरी रावलसहित पार्टीका जिल्ला सदस्य २८ वर्षीय घमण्ड महर, विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष १९ वर्षीय प्रेमप्रशान्त र त्रिवेणी गाउँपालिका १ का विप्लव समूहका कार्यकर्ता तुलबहादुर घर्तीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख ठग बहादुर केसीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । पक्राउ परेका चारै जनालाई जिल्ला सदरमुकाम ल्याएर आवश्यक कारबाही थालिएको प्रहरी नायब उपरीक्षक डिएसपी केसीले बताए ।

# खोटाङमा सात नयाँ स्वास्थ्य सेवा शुरु




**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, २३ साउन

जिल्ला अस्पताल खोटाङमा आर्थिक वर्ष २०७६/०७७ मा नियमित बाहेकका सात वटा नयाँ स्वास्थ्य सेवा शुरु भएको छ । बिहीबार पत्रकार सम्मेलन गरी अस्पतालले एक वर्षे कार्य तथा उपलब्धि सार्वजनिक गरेको हो । आ.व. २०७६/०७७ देखि अस्पतालले मुटुको शल्यक्रिया गरेपश्चात मुटुको अवस्था एवं रगतको अवस्था जाँच गर्न जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेकाले जिल्ला बाहिर जानु पर्ने बाध्यता अन्त्य गर्नका लागि पिटिआईएआर जाँच शुरु गरिएको जनाइएको छ ।

अस्पतालमा थाईराइडको उपचार गर्न जिल्ला बाहिर जानु पर्ने समस्या रहिआएकाले समस्या हल गर्न शुरु भएसँगै इयुनोसी एनालाइजर व्यवस्था गरी टिफएटी जाँच सेवा गरिएको साथै बिगत लामो समयअघि सञ्चालनमा ल्याउन खोजिएको डिजिटल एक्स-रे सुविधालाई पनि गत आर्थिक वर्षको असारदेखिनै सञ्चालनमा ल्याइएको जिल्ला अस्पतालका कार्यालय प्रमुख रविनकुमार फुयाँलले बताए । जिल्लाभर एक घर एक थाएराईड रोगी भइरहेको अवस्थामा पनि हालसम्म बिरामीले उपचार पाएका थिएनन् ।

यस्तै कुपोषण तथा शीघ्र कुपोषणको अवस्थालाई नियन्त्रण तथा उन्मुलन गर्ने उद्देश्य अनुरुप पोषण पुनःस्थापना ग्रृह स्थापना गरि ल्याइएको जनाइएको छ । पन्ध्र शैया रहेको अस्पतालमा नवजात शिशु र आमाको स्वास्थ्यमा समस्या आएमा निःशुल्क उपचार सेवा समेत दिइने साथै उपचार सेवा दिने सरकारको नीति अनुरुप प्रसुति गृह सञ्चालनमा ल्याइएको, सामाजिक विकास मन्त्रालयबाट दन्त चिकित्सक नियुक्तगरि दन्त चिकित्सा सेवा सञ्चालनमा ल्याइएको शल्यक्रिया गर्नुपर्ने बिरामीको लागि ब्लड बैंकको स्थापना गरिएको अस्पताल प्रमुख फुयाँल्ले बताएका छन् ।

अघिल्लो आर्थिक वर्ष ३०३ जनाको महिलाको सामान्य सुत्केरी गराइएको थियो । १०३ जना गर्भवती महिलाको शल्यक्रिया गरेर सुत्केरी गराइएको तथा ५४ जनाको जटिल सुत्केरी गराइएको थियो । गत वर्षमा बहिरङ्ग विभागबाट २४ हजार ७०७ जना, आकस्मिक कक्षबाट ७ हजार ३०० बिरामीले उपचार पाएको जनाइएको छ ।

यस्तै १२२ जना बिरामीलाई माथिल्लो स्वास्थ्य संस्थामा रेफर गरिएको, ७४ वटा शव परीक्षण गरिएको प्रमुख फुयाँल्ले जानकारी दिए । अस्पताल व्यवस्थान समितिका अध्यक्ष एव्म जिल्ला समन्वय समिति खोटाङका प्रमुख बबि चाम्लिङका अनुसार १५ शैयाको अस्पताललाई चालु आर्थिक वर्षमा ५० बेडको बनाइने साथै राज्यको नीति अनुरुप आवश्यक उपकरण तथा स्वास्थ्य सामग्रीको व्यवस्थाका लागि पहल गरिने भएको छ ।

त्यस्तै अक्सिजन प्लाण्ट, वाटर ट्रिटमेन्ट प्लान निर्माण गर्ने लक्ष्य लिइएको अध्यक्ष राईले बताए । ५० शैया अस्पतालका लागि आइसियू, माइक्रोबायोलोजी ल्याब लगायतका महत्वपूर्ण पूर्वाधार विकासको तयारी शुरु गर्ने, इ-टोकन प्रणाली लागू गर्ने, टेलिमेडिसिन तथा आवश्यक भिडियो कन्फेरेन्सका लागि आवश्यक प्रविधिको व्यवस्था गर्न पहल गरिने अध्यक्ष चाम्लिङले बताए ।

# रामग्राम नगरपालिका सिल



**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, २३ साउन

पश्चिम नवलपरासीको रामग्राम नगरपालिकामा एक कर्मचारीमा कोरोना संक्रमण पुष्टी भएपछि नगरपालिका कार्यालय सिल गरिएको छ । कर्मचारीमा कोरोना संक्रमण पोजेटिभ देखिएपछि साउन मसान्तसम्म कार्यालय सिल गरिएको हो । सिल गरिएको समय अवधिभर कार्यालय पूर्ण बन्द रहने नगरपालिकाका नगरप्रमुख नरेन्द्र कुमार गुप्ताले जानकारी दिए ।

रामग्राम नगरपालिका क्षेत्रमा गत हप्तामा समुदाय स्तरमा पीसीआर परीक्षण गरिएको थियो । पीसीआर परीक्षणमा वडा नं १८ का एक जना र रामग्राम नगरपालिकाको एक जना कर्मचारीको रिर्पोट पोजिटिभ आएको थियो ।

अन्य स्थानीय तहमा गरिएको परीक्षणको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालयका प्रमुख गौरव ढकालले जानकारी दिए ।

रामग्राम नगरपालिकाको अन्य कर्मचारी र रिर्पोट पोजिटिभ देखिएका कर्मचारीसँग भएका व्यक्तिहरुसँग कन्ट्र्याक ट्रेसिङ गर्ने ढकालले बताए । पोजिटिभ देखिएको दुबै जना कोरोनाको संक्रमाणको केही लक्षण नदेखिएको र उनीहरुको स्वास्थ्य समान्य रहेको ढकालले बताए ।

# कक्षा ११ को वार्षिक परीक्षा तत्काल नलिन निर्देशन




**काठमाडौं/मस-** सरकारले कक्षा ११ को वार्षिक परीक्षा तत्काल नलिन निर्देशन दिएको छ । राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार एक सूचना निकालेर सरकारले विद्यालय पुनः सञ्चालनको निर्णय नगरेसम्म कक्षा ११ को वार्षिक परीक्षा तत्काल नलिन निर्देशन दिएको हो ।कोरोना भाइरसको संक्रमणका कारण सरकारले गएको चैत ११ गतेदेखि नै सबै शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको थियो । हालसम्म पनि विद्यालय कहिले खोल्ने भनेर निर्णय गरेको छैन । केही विद्यालयले परीक्षा सञ्चालनको तयारी गरेपछि विद्यार्थी र अभिभावकमा डर बढेकाले विद्यालय पुनः खोल्ने निर्णय नभएसम्म परीक्षा नलिन सूचना मार्फत आग्रह गरिएको छ ।

कक्षा ११ को परीक्षा सञ्चालन, व्यवस्थापन, मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधिअनुसार वार्षिक परीक्षा सम्बन्धित विद्यालयले नै सञ्चालन गर्ने व्यवस्था छ ।

आंशिक तथा ग्रेड वृद्धि गर्नुपर्ने विद्यार्थीले कक्षा १२ को वार्षिक परीक्षा अघि नै परीक्षा दिइसक्नु पर्ने कार्यविधिमा उल्लेख छ ।

# कोरोनाले मृत्यु भएका युवकको शव सेनाद्वारा सम्मानपूर्वक व्यवस्थापन

सिरहा/मस- सिरहामा कोरोना भाइरसले ज्यान गुमाएका एक युवकको शव नेपाली सेनाले शुक्रबार व्यवस्थापन गरेको छ । मृतक गोलबजार नगरपालिका १२ का २२ वर्षीय युवकको शव सेनाले सम्मानका साथ व्यवस्थापन गरेका हुन् ।

ति युवकमा बुधबार कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो । उनको उपचारको क्रममा बिहीबार राति बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको थियो । शुक्रबार शव ल्याएर सेनाले गोलबजार नगरपालिका वडा नं. २ स्थित गागन नदीमा



शव व्यवस्थापन गरेको श्री शेर गण चोहर्वा ब्यारेक, सिरहाका क्याप्टेन गिरिजा प्रसाद भट्टले जानकारी दिए ।

**अस्पताल...**

भएको हो । यो सहित संक्रमित संख्या २२ हजार २१४ पुगेको छ । त्यस मध्ये राजधानी उपत्यकामा मात्रै थप १०६ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौँमा ९२, ललितपुरमा १० र भक्तपुरमा चार जनामा कोरोना संक्रमण देखिएको हो ।

बितेको २४ घण्टामा ४२५ जना उपचारपछि निको भएका छन् । अहिलेसम्म १५ हजार ८१४ जना निको भएर घर फर्किएका छन् । पर्सा, रौतहट, महोत्तरी र काठमाडौँमा पाँच सय भन्दा बढी संक्रमित छन् । खोटाङ, धनकुटा, संखुवासभा, मनाङ, मुस्ताङ र रुकुमपश्चिम छन् । मन्त्रालयका अनुसार, थप पाँच जनाको मृत्यु भएको छ । शुक्रबारसम्म मृत्यु हुनेको संख्या ७० पुगेको मन्त्रालयले जनाएको छ ।

**रोकियो...**

विपदसँग सम्बन्धित कार्य र शान्ति सुरक्षाका सेवा लगायतका कार्यहरु बाहेकका सबै सेवा स्थगन गरिएको बताए ।

भीडभाड गर्ने र मास्कको प्रयोग नगर्ने व्यक्तिलाई थप कडाई गर्ने पनि दाहालले बताए । अहिलेसम्म कारबाही स्वरुप जरिवाना गरिएकोमा अबदेखि नियम पालना नगरे कैद सम्मको कारबाही हुनसक्ने बताए । उनले भीडभाड अनुगमन गर्नका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा संयन्त्र निर्माण गरिएको पनि बताए । उक्त समितिले विभिन्न क्षेत्रमा कोभिड रोकथाम तथा नियन्त्रणका लागि बनाइएको मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने छ । बैंकिङ क्षेत्र, व्यापारिक प्रतिष्ठान, उद्योग कलकारखानामा अनुगमन गरी मापदण्ड पालना नभएको पाइए बन्द गराउने पनि उनले बताए ।

अहिले लकडाउनमा जान सक्ने स्थिति नभएकाले दुरी कायम गराउने र भीडभाड कम गर्ने विषयमा तीनवटै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरु केन्द्रित भएको उनले बताए । त्यस्तै आग्रह गरिएको समेत बताए । उनले अन्य सरकारी कार्यालयको हकमा सम्बन्धित कार्यालय प्रमुखले नै निर्णय गर्न सक्ने बताए ।

# श्रीलंकामा राजापाक्षको पार्टी अत्यधिक मतका साथ विजयी



**काठमाडौं/एजेन्सी–** श्रीलंकामा बुधबार भएको संसदीय निर्वाचनबाट सत्तारुढ दल अत्यधिक मतका साथ विजयी भएको छ। प्रधानमन्त्री मेहन्दा राजापाक्ष नेतृत्वको श्रीलंकाा पुडुजाना पेरामुना (एसएलपीपी)ले संसदमा अत्यधिक बहुमत ल्याएको निर्वाचन आयोगले शुक्रबार घोषणा गरेको छ। सो पार्टीले कुल २२५ सिटमध्ये १४५ सिटमा सफलता हासिल गरेको आयोगको जनाएको छ। यो जित संख्या सर्वेक्षणकर्ताहरुले देखाएको पुर्वानुमान नतिजाभन्दा पनि बढी हो। सर्वेक्षणकर्ताहरुले १३० देखि १३५ सिटसम्म विजयी हुनसक्ने अनुमान गरेका थिए।

आयोगले सार्वजनिक गरेको नतिजासँगै सत्तारुढ दल दुईतिहाइ बहुमतसहित संसदमा उपस्थित भएको छ। सत्तारुढ दलभन्दा धेरै पछाडि रहेको पूर्व राष्ट्रपति सजिथ प्रेमादास नेतृत्वको युनाईटेड पिपल्स फ्रन्टले ४५ जना मात्रै सांसदलाई जिताउन सफल भएको छ। त्यसैगरी अर्को विपक्षी दल आइटिएकेले भने दश सिटमा मात्रै विजयी हासिल गरेको छ। पूर्व प्रधानमन्त्री रनिल विक्रमादित्यले नेतृत्व गरेको श्रीलंकााको सर्वाधिक पुरानो पार्टी युनाईटेड नेशनल पार्टीले भने २२५ मध्ये एक ठाउँमा पनि आफ्नो उम्मेदवारलाई जिताउन नसकेर संसदमा शुन्य भएको छ।

पछिल्लो नतिजा सार्वजनिक भएसँगै वर्तमान प्रधानमन्त्री महेन्दा राजापाक्षले नै फेरि नयाँ प्रधानमन्त्रीका रूपमा सपथ खाने सम्भावना देखिएको छ। यही हप्ता उहाँले सपथ खाएर अर्को हप्ता मन्त्रीमण्डल पुनर्गठन गर्ने अनुमान गरिएको छ। श्रीलंकााको संविधान अनुसार मन्त्रीपरिषद् बढीमा ३० जनाको मात्रै गराउन सकिने छ।

निर्वाचन आयोगले नतिजा सार्वजनिक गरेको केही समयपछि राष्ट्रपति गोटावाया राजापाक्षले सरकार गठनका लागि दुई तिहाइ ल्याएको पार्टीका नेता मेहन्दा राजापाक्षलाई आह्वान गरिसकेका छन्। श्रीलंकामा सहोदर दाइ प्रधानमन्त्री र भाइ राष्ट्रपति भएका छन्। श्रीलंकाको राजनीतिमा दुई दशकदेखि राजापाक्ष परिवारको प्रभाव रहेको छ। राजपक्ष दाजुभाइ विभिन्न विवादमा पनि मुछिदै आएका छन्।

गत नोभेम्बरदेखि कामचलाउ सरकारको नेतृत्व गरिरहेका दाइ राजापाक्षले यसअघि सन् २००५ देखि २०१५ सम्म देशको राष्ट्रपतिका रूपमा जिम्मेवारी निर्वाह गरेका थिए। श्रीलंकाामा ठूलो समस्याका रुपमा रहेको तमिल विद्रोहीले मच्चाउँदै आएको हिंसालाई त्यतिबेला अन्त्य गराउन राजापाक्ष दाजुभाइको नै भूमिका रहेको ठानिन्छ। कतिपयले भने तमिल विद्रोह दमनपूर्वक अन्त्य गर्न उहाँहरूले बर्बर सैनिक कारबाही गरेको आरोप पनि लगाउने गरेका छन्।

गत वर्ष राष्ट्रपतिमा निर्वाचित भएपछि गोटाबाया राजापाक्षविरुद्ध लागेका भ्रष्टाचारका सबै अभियोगहरू फिर्ता भएका थिए। राष्ट्रपतिलाई प्राप्त हुने कानुनी उन्मुक्तिका आधारमा ती अभियोग फिर्ता गरिएको थियो। उनीहरूलाई अहिलेको निर्वाचनसँगै प्राप्त व्यापक जनमतका आधारमा केही संवैधानिक व्यवस्थाहरु पनि परिवर्तन गर्न बाटो खुलेको छ।

श्रीलंकाामा कोरोनाभाइरसको महामारी फैलिरहेकै बेला गत बुधबार संसदीय निर्वाचन भएको हो। यसअघि दुई पटक मतदानको मिति तोकेर पनि सारिएको थियो। महामारीका बीचमा भएको निर्वाचनमा पनि झण्डै ७१ प्रतिशत मतदाता मतदानमा सहभागी भएका थिए। श्रीलंकाामा अहिलेसम्म तीन हजारभन्दा कम मानिसमा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको छ भने कम्तीमा ११ जनाको मृत्यु भएको जनाइएको छ।

# सन्दीपको कोरोना परीक्षण नेगेटिभ



**काठमाडौं/मस–** क्यारेवियन प्रिमियर लिग खेल्न ट्रिनिडाड एण्ड टोबागोमा रहेका सन्दिप लामिछानेको कोरोना परीक्षण नेगेटिभ आएको छ। टिमलाई नै अहिले क्वारेन्टिनमा राखिएको छ। सबै खेलाडीको ट्रिनिडाड पुग्नेबितिक्कै गरिएको परीक्षणमा नेपाली खेलाडी सन्दिप लामिछानेको कोरोना रिपोर्ट नेगेटिभ आएको हो। सन्दिपसँगै जमैका टिमका अरु खेलाडी र अफिसियलको पनि रिपोर्ट नेगेटिभ आएको छ।

सीपीएल आयोजकले पछिल्लो पटक जारी गरेको सूचना अनुसार एक सय ६२ जनाको परीक्षण गरेकोमा सबैको नेगेटिभ आएको छ। सीपीएल टिम जमैकाले आफ्नो पुरै टिमलाई एउटा होटेलमा क्वारन्टिनमा राखेको छ।

टिमका खेलाडीको दोस्रो चरणको परीक्षण केहि दिनमा गरिने सीपीएले बताएको छ। यदि यो बेला कोहिपनि खेलाडीको परीक्षण पोजेटिभ आएमा उनीहरुलाई छुट्टै स्थानमा आइसोलेसनमा राखिने बताइएको छ।

लामो समयको अन्योलपछि जुलाई ३० तारिखमा सन्दिप अमेरीका हुँदै वेष्ट इन्डिज पुगेका थिए। सेन्ट लुसियाबाट जमैका टिमले सबै खेलाडीलाई ट्रिनिडाड लगेर आइसोलेसनमा राखेको छ।

क्यारेवियन प्रिमियर लिग अगष्ट १८ बाट सुरु हुँदैछ। कोरोनाका कारण यसपटक दर्शक विना नै सीपीएल हुने भएको छ। जसमा ट्रिनिडाड एण्ड टोबागोको दुई वटा मैदानमा पुरै प्रतियोगिताका खेल हुने छन्।

सन्दीपको टोलीमा विश्व क्रिकेटका प्रख्यात खेलाडी आन्द्रे रसेल, कार्लोस ब्रेथवेट, तरबेज शाम्सी, ओशन थोमसलगायत छन्। उनी आबद्ध जमैका तलावाजले आगामी भदौ ३ गते सेन्ट लुसिया जौक्ससित खेल्नेछ।

# बेरूत विस्फोट : ८० हजार बालबालिका विस्थापित

## मृतक संख्या १५४ पुग्यो



**काठमाडौं/एजेन्सी-** गत मङ्गलबार लेबनानको राजधानी बेरूतमा भएको विस्फोटका कारण करिब ८० हजार बालबालिका विस्थापित भएको संयुक्त राष्ट्रसंघीय बालकोष (यूनिसेफ) ले शुक्रबार जनाएको छ। विस्फोटका कारण धेरै बालबालिकामा मनोवैज्ञानिक प्रभाव परेकोप्रति चिन्ता व्यक्त गर्दै पिडित बालबालिका तथा उनीहरूको परिवारलाई सहयोग पुऱ्याउने प्रयास भइरहेको यूनिसेफले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ।

'विगत ४८ घण्टादेखि यूनिसेफले लेबनानी अधिकारी तथा उद्धारमा खटिएका सहयोगी संस्थाहरूसँग सहकार्य गरी प्रभावित परिवारको आवश्यकता अनुसार सहयोग गरिरहेको छ,' विज्ञप्तिमा भनिएको छ। यूनिसेफले पिडित बालबालिका तथा उनीहरूका परिवारको स्वास्थ्य, खानेपानी तथा अन्य तत्काल आवश्यकताका विषयमा नजिक रहेर काम गरिरहेको यूनिसेफका लेवनानस्थित प्रतिनिधि भाएलेट स्पिक वार्नीले बताए। लेबनान विष्फोटमा परी मृत्यु हुनेको संख्या शुक्रबार साँझसम्म १५४ पुगेको लेवनानी स्वास्थ्य मन्त्री हमद हसनले बताए।

सहयोग गर्ने राष्ट्रपति म्याँक्रोको प्रतिबद्धता

लेबनानको भ्रमणमा बेरुत पुगेका फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रो समक्ष स्थानीयबासीहरुले बेरुतको बन्दरगाह बिस्फोटका लागि लेबनानी नेताहरु जिम्मेवार रहेको भन्दै आक्रोश पोखेका छन्। बिस्फोटको प्रत्यक्ष अबलोकनका लागि पुग्दा त्यहाँ भेला भएका स्थानीयबासीले म्याँक्रोमाथि लेबनानी नेताहरुको अकर्मण्यताले जनधनको ठूलो क्षति भएको गुनासो गरेका थिए। राष्ट्रपति म्याँक्रोले राजनीतिक नेताहरुमाथि सुधारका व्यापक कदम चाल्न आफूले सक्दो दबाब र मद्दत गर्ने बताएका थिए।

मंगलबारको बिस्फोटको अनुसन्धानको नेतृत्व गरिरहेका एकजना सैनिक न्यायाधीशले बेरुत बन्दरगाहमा कार्यरत १६ जना कामदारलाई गिरफ्तार गरिएको बताएका छन्। उनले बन्दरगाह र भन्सार अधिकारीहरु समेत अरु १८ जनामाथि विभिन्न प्रश्न सोधिएको जानकारी दिए।

अनुसन्धान अधिकृतहरुले बन्दरगाहका अधिकारीहरुमाथि छानबिन गरिरहेका भए पनि धेरैजसो लेबनानी नागरिकहरुले राजनीतिक नेतृत्वमाथि दोष दिइरहेका छन्। उनीहरुले मुलुकमा व्याप्त भ्रष्टाचार र अव्यवस्था पनि बिस्फोटका लागि मुख्य जिम्मेवार रहेको बताएका छन्। बेरुतको बन्दरगाह बिस्फोटको घटना हुनुअघि नै लेबनानको आर्थिक अवस्था पतनतर्फ अग्रसर भइसकेको बताएका छन्।

लेबनानी मन्त्रिपरिषदलाई बन्दरगाहमा राखिएको एमोनियम नाइट्रेट खतरनाक रहेको भन्दै पहिल्यै सुरक्षा निकायहरुले जानकारी गराएका लेबनानका भन्सार प्रमुखले जानकारी दिएका छन्। भन्सार प्रमुखको उक्त भनाइ सार्वजनिक भएसँगै लेबनानको उच्च नेतृत्वले प्रज्ज्वलनशील पदार्थका बारेमा गम्भीरता नदेखाएको पुष्टि हुन्छ।

बन्दरगाहमा लागेको आगो करिब २ हजार ७५० टन एमोनियम नाइट्रेटको भण्डारमा सल्किएसँगै अचानक बिस्फोट भएको थियो। उक्त रसायनिक पदार्थ सन् २०१३ मा लेबनानी भन्सार अधिकारीहरुले बरामद गरी बन्दरगाहमा राखेका थिए।


## मिक्वाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थलङ, ताप्लेजुङ
## १ नं . प्रदेश, नेपाल

### सव- इन्जिनियर करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७७।०४।२४)**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/७८ च.न. PMEP/२३ को मिति २०७६/०४/१२ को पत्रानुसार यस मिक्वाखोला गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागी आवश्यक प्राविधिक सहायक (सव-इन्जिनियर) पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्रमा माग बमोजिम बिबरण र यस कार्यालयको ने.वै.लि.मा रहेको आन्तरिक राजश्व खाता नं. ०६२०३००००१००१००००१ मा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २०७७-७८/१ | प्राविधिक सहायक (सव-इन्जिनियर) | स्थानिय सेवाको पाचौं तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीण।
ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग) उमेर : कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
२. **दरखास्त दिने स्थान:** मिक्वाखोला गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय, थलङ ताप्लेजुङ।
३. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/०६ गते कार्यलय समय भित्र
४. **आवेदन दस्तुर :** रु.५००/-
५. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा
६. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| १. नागरिकताको प्रतिलिपी | ४. अनुभव खुल्ने कागजात |
| २. न्यूनतम योग्यताकको लब्धांक प्रमाणपत्र | ५. २ प्रति पासपोर्ट आकारको फोटो |
| ३. चरित्रिक प्रमाणपत्र | |

७. **सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक (सव-इन्जिनियर) पदपूर्ति सम्बन्धी प्रक्रियाको दफाको (११), (१२) र (१३) बमोजिम हुनेछ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक (सव-इन्जिनियर) पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

**नोटः-** आवेदनको ढाँचा र प्राविधिक सहायकपदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ। अन्य जानकारीको लागि सम्पर्क नं. ९८६३५१७५८१, 9742791943 Email: mikwakhola.rm@gmail.com



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२४

यस कम्पनीको मिति २०७६/१०/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नमुना ज्योति कृषि फार्म प्रा.लि. (प्रा.लि.नं. २१००७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुरा कृषी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२४

यस कम्पनीको मिति २०७६/१०/०६ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वोल्टेक ह्युमन रिसोर्स प्रा.लि. (प्रा.लि.नं. १६५८६९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टिमप्रो एच.आर. सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

### गोर्खाज एशोसिएट्स प्रा.लि.को सार्वजनिक सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: ९६९/०६७/०६८ को यस गोर्खाज एशोसिएट्स प्रा.लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | १२३ | ५ | १२३ |
| | कुल जम्मा | १२३ | ५ | कुल जम्मा १२८ जना |

Gov. Lic. No. 969/067/068

**Gorkhas Associate (P.) Ltd.**
P.O. Box: 21051, Maharajgunj, Kathmandu
Tel: 4378895, 4377756, 4379078

### बीमा समितिको निर्णय

# बीमा शुल्कमा ४० प्रतिशत छुट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन




कोरोना भाइरस (कोभिड-१९) को प्रभाव देखिएका उद्योग/प्रतिस्ठानहरुले बन्दाबन्दी (लकडाउन) अवधिको बिमाशुल्कमा ४० प्रतिसत छुट पाउने भएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ सहित निजी क्षेत्रका प्रतिनिधि र बिमा क्षेत्रको नियामक निकाय बीमा समितिबीच भएको छलफलमा लकडाउन अवधिमा तिर्नुपर्ने बिमाशुल्क (प्रिमियम)मा छुट दिने सहमति भएको हो ।

कोरोना भाईरसको महामारीका कारण उद्योग/व्यवसायमा परेको असर र त्यसले बिमाशुल्क तिर्ने क्षमतामा आएको ह्रासका पक्षमा नीजि क्षेत्रले आवाज उठाउँदै आएको थियो । निरन्तर निजी क्षेत्रको दबाबपछि बिमा समितिले शुक्रबार महासंघसहित निजी क्षेत्रसँग छलफल गरेको हो ।

सहमति अनुसार उद्योग प्रतिष्ठानलाई बन्दाबन्दी अवधिको प्रीमियममा एक तिहाई छूट र थप आरएसडी/एमडी र एसटीमा पनि एक तिहाई समायोजन गर्ने निर्णय गरेको छ । यी सबै प्रिमियमलाई एकीकृत गर्दा कुल बीमाशुल्कमा ४० प्रतिशत हिस्सा हुन जान्छ । नीजि क्षेत्रसँग गरेको सहमतिअनुसार बिमा समितिको सञ्चालक समितिले निर्णय गरेपछि निर्जीवन बिमा कम्पनीहरुका नाममा निर्देशन जारी गर्नेछ। निर्देशन जारी भएपछि बिमा कम्पनीहरुले यसअघि पुरा शुल्क लिएको भए दिनुपर्ने सुविधा हिसाव गरी फिर्ता दिने वा समायोजन गरी अर्को अवधिमा घटाउनुपर्नेछ ।

यसअघि बिमा समितिले लकडाउन अवधिमा बिमाशुल्क नतिरेपनि लकडाउन सकिएको १५ दिनसम्म स्वतः नबिकरण भएको मानिने र त्यसपछि बिमाशुल्क लिँदा भने जरिवाना लगाउने र नलगाउने जिम्मेवारी कम्पनीहरुलाई छाडिदिएको थियो ।

समितिका अनुसार लकडाउन अवधिमा नविकरण नभएको भएको स्थितिमा पनि कुनै भवितब्य भएको भए त्यसको जोखिम बिमा कम्पनीले व्यहोर्नुपर्ने थियो। त्यसैले त्यसअवधि बिमाशुल्क तिर्नैपर्ने स्थिति रहेको समितिको भनाई छ। तर, अब भने समितिले लकडाउन अवधि (४ महिना)को अवधिमा लाग्ने बिमाशुल्कमा ४० प्रतिशत छुट वा समायोजनको सुविधा बिमितहरुले पाउनेछन् । बीमा समितिका सुचना अधिकारी निर्मल अधिकारीले उद्योग प्रतिष्ठानलाई छुट दिने निर्णय गरी बोर्डमा प्रस्ताव लैजाने तयारी भएको बताए ।

कस्ता प्रकृतिका उद्योगलाई कति समयसम्मका लागि छुट दिनुपर्ने हो सो विषयमा सूची तयार गर्ने जिम्मा नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघलाई दिईएको समेत उनले जानकारी दिए । महासंघ र सीएनआईले प्रदान गरेको उद्योग व्यवसायको आधारमा छुट दिनका लागि बीमा कम्पनीहरुलाई निर्देशन दिईने समेत उनले जानकारी दिए । तर त्यसरी दिईने छुटलाई बीमा पोलिसी नविकरण गर्दा मिलान गरिने समेत उनको भनाई थियो । 'हामीले छुट भनेर कुनै पनि सेवाग्राहीलाई नगद नै दिने होइन,' उनले भने, 'बीमा पोलिसी नविकरण गर्दा उक्त समयावधिको छुटलाई मिलान गरिने छ ।'

# सिमरामा एटीआर-७२ जहाजको उडान हुने, शुक्रबार परीक्षण उडान

**काठमाडौं/मस**–राजधानी काठमाडौंबाट नजिकको सिमरा विमानस्थलमा अब एटीआर-७२, ५०० सिरिजको जहाजबाट उडान हुने भएको छ। निजी क्षेत्रको अग्रणी वायु सेवाप्रदायक कम्पनी बुद्ध एयरले सिमरामा एटीआर जहाजको परीक्षण उडान गरेको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणको अनुमतिमा सिमरा विमानस्थलमा एटीआर जहाजको सफल परीक्षण उडान गरिएको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ ।



काठमाडौंबाट १७ जना हवाई प्राविधिकसहितको टोली लिएर गत बुधबार बुद्धएयरको उक्त जहाजले दक्षिण र उत्तर गरी दुवैतर्फबाट उडान तथा अवतरण गरेको छ । प्राधिकरणले निर्धारण गरेको सबै सुरक्षा मापदण्ड पालना गर्दै जहाजको परीक्षण उडान गरिएको कम्पनीले जनाएको छ । यसअघि बुद्धका एटीआर ४२-३२० सिरिज र बीचक्राफ्ट १९०० 'डी' जहाजले मात्र सिमरा उडान भरिरहेका थिए।

नेपालमा बन्दाबन्दी शुरु (गत चैत ११ गते) हुनुअघि दैनिक नौ वटा तालिकाबाट नियमित उडान गर्दै आएको बुद्धले आगामी भदौ १ गतेदेखि हुने उडानका लागि ७२ सिटे एटीआरले उडान भर्ने योजना बनाएको छ। नेपालकै सबैभन्दा पुरानो र व्यस्त सिमरा विमानस्थलको लम्बाइ एक हजार १९० मिटर रहेको छ । औद्योगिक करिडोर र भारतीय पर्यटकका लागि काठमाडौं छोटो दूरीको उडानका कारणसमेत सिमरा विमानस्थल सधैं भीडभाड हुने गर्दछ ।

बुद्ध एयरसँग आठ एटीआर-७२, तीन एटीआर-४२ र दुई बीचक्राफ्ट १९०० 'डी' गरी १३ जहाज छन् । भदौ १ बाट हुने व्यावसायिक उडानका लागि बुद्ध एयरले सङ्क्रमणरहित उडानका लागि सम्पूर्ण तयारी गरिसकेको जनाएको छ । यात्रुको दोहोरो तापक्रम जाँच, ह्याण्ड स्यानेटाइज, फेसमास्क र फेशशिल्डको अनिवार्य प्रयोग लागू गरेको छ। यस्तै प्रत्येक उडानपछि जहाज र लगेज ट्रलीको सङ्क्रमणरहित सरसफाइ गर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

### अब सबै भवनहरुलाई भुकम्प प्रतिरोधी बनाउन सकिने

# भवन आचारसंहिता अद्यावधिक



**काठमाडौं/मस**– नेपालमा सानाठूला सबै खालका भवनलाई भूकम्प प्रतिरोधी बनाउन आवश्यक पर्ने संरचनागत डिजाइनसहितको मापदण्डलाई समावेश गरेर राष्ट्रिय भवन संहिता अद्यावधिक गरिएको छ। नेपालमा 'राष्ट्रिय भवन संहिता १०५ : १९९४' कार्यान्वयनमा रहेकामा मन्त्रिपरिषद्को बैठकले ' अद्यावधिक राष्ट्रिय भवन संहिता १०५ : २०२०' लाई स्वीकृत गरेको हो ।

विसं २०७२ मा गएको भूकम्प, विगत २५ वर्षमा विश्वका विभिन्न देशमा गएका भूकम्प, विभिन्न मुलुकमा प्रचलित भवन संहिता एवं यस सम्बन्धमा गरिएका विभिन्न नयाँ अनुसन्धान, प्रविधि र ज्ञानको विकासका आधारमा भूकम्प प्रतिरोधी सुरक्षित भवन निर्माण गर्न भवन संहिता अद्यावधिक गरिएको शहरी विकास मन्त्रालयले जनाएको छ ।

अद्यावधिक राष्ट्रिय भवन संहिता मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि कतिपय अवस्थामा भारतीय संहितामा भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ । शहरी विकास मन्त्रालय, शहरी विकास आवास भवन महाशाखाका प्रमुख सहसचिव नवराज प्याकुरेलले अद्यावधिक गरिएको भवन संहिताका आधारमा सबै खालका भवनको डिजाइन गर्न सकिने बताए ।

भवन संहिताको प्रमुख उद्देश्य विभिन्न किसिमका निर्माण सामग्री प्रयोग हुने गरी सानादेखि गगनचुम्बी भवनलाई भूकम्प प्रतिरोधी बनाउनका लागि गर्नुपर्ने इञ्जिनीयरिङ डिजाइनका लागि आवश्यक प्रक्रिया र मापदण्ड प्रदान गर्नु नै रहेको उनले बताए । संहिताको सारसंक्षेपमा भनिएको छ, "यस संहिताले स्थापित इञ्जिनीयरिङ मान्यता र सिद्धान्तअनुरूप भूकम्प प्रतिरोधी भवनको विश्लेषण र डिजाइन विधिलाई मार्गदर्शन गर्न मद्दत गर्छ ।"

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का स्ट्रक्चरल इञ्जिनीयर विपिनकुमार गौतमका अनुसार अद्यावधिक संहितामा नेपाललगायत यस क्षेत्र वरिपरिको भूकम्पीय जोखिम विश्लेषण गरिएको छ । त्यसका आधारमा भूकम्पीय जोखिम क्षेत्रको नक्सा तयार गरी र सोही आधारमा ठाउँअनुसारको फरकफरक मानक राखिएको छ। यो संहिता प्रयोग गरी जस्तोसुकै प्रविधि र सामग्री प्रयोग गरी बनाइने संरचनालाई भूकम्प प्रतिरोधी बनाउन सकिनेछ ।

संरचनाको प्रयोग र महत्वका आधारमा सुरक्षित बनाउनका लागि फरकफरक मानक पनि दिइएको गौतमले बताए। संहिताले नयाँ प्रविधि र विधिलाई प्रयोग गर्नका लागि बाटो खुल्ला गरिदिएको छ । अद्यावधिक संहिताको अनुसूचीमा स्टिल र ढलानवाला घरलाई भूकम्प प्रतिरोधी बनाउनका लागि चाहिने विस्तृत विवरण समावेश गरिएको छ।

अद्यावधिक गरिएको राष्ट्रिय भवन संहिताले नेपालमा सबै खालका संरचनालाई भूकम्प प्रतिरोधी बनाउने गरी डिजाइन गर्न सम्भव हुने विज्ञहरूको भनाइ छ । स्ट्रक्चरल इञ्जिनीयर एवं प्राध्यापक डा प्रेमनाथ मास्केले पहिलेको संहितामा रहेका प्रावधान पूर्ण नरहेको बताउँदै अद्यावधिक गरिएको भवन संहितामा धेरै पक्ष समावेश गरिएकाले अहिलेको आवश्यकतालाई सम्बोधन गर्ने बताए ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नयाँ भवन संहिताबाट भूकम्प प्रतिरोधी संरचना निर्माण गर्न र सुरक्षित नेपालको अभियानलाई साकार पार्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यसअघिका भूकम्प र परकम्पका कारण भौतिक संरचनामा ठूलो क्षति पुगेपछि भूकम्पीय जोखिमको विश्लेषण गरी राष्ट्रिय भवन संहिता १०५ लाई परिमार्जन गर्न प्राधिकरणलाई जिम्मेवारी दिइएको थियो । प्राधिकरण मातहतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) ले यस सम्बन्धमा काम गरेको हो । यसका लागि स्ट्रक्चरल इञ्जिनीयर, जिओलोजिष्ट, जिओटेक्निकल इञ्जिनीयर, सिस्मोलोजिष्टलगायतका विज्ञ रहेको विभिन्न उपसमिति गठन गरी काम भएको हो ।

संहिता परिमार्जनका लागि शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशकको नेतृत्वमा सात सदस्यीय कार्यसमिति गठन गरिएको थियो । इञ्जिनीयर्स एसोसिएसन, डिजाइनर, इञ्जिनीयरिङ अध्ययन संस्थानलगायतका सबै सरोकारवालासँग सुझाव लिई संहितालाई अन्तिम रूप दिइएको प्राधिकरणले जनाएको छ । मन्त्रालयका सचिव नेतृत्वको भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको बैठकले संहितालाई पारित गरी मन्त्रिपरिषद्को बैठकमा पठाएकामा २०७७ साल साउन १९ गतेको मन्त्रिपरिषद्को बैठकले संहितालाई स्वीकृत गरेको हो ।

# सिरहाका १२ स्थानीय तहले गरे कोरोना खर्च सार्वजनिक

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २२ साउन

सिरहाका १७ वटा स्थानीय तहमध्ये १२ वटा स्थानीय तहले कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणमा भएको खर्च विवरण सार्वजनिक गरेका छन् ।जिल्ला प्रशासन कार्यालय सिरहाले खर्च विवरण उपलब्ध गराउन दिएको निर्देशनपछि सिरहाका ९ वटा नगरपालिका र ८ गाउँपालिका गरी १७ पालिका मध्ये ६ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी १२ पालिकाले विवरण सार्वजनिक गरेका हुन् ।



कोरोना रोकथाम तथा नियन्त्रणमा गरेको खर्चको विवरण सार्वजनिक गरेका १२ पालिकाले हालसम्म १८ करोड ४१ लाख भन्दाबढी खर्च भएको जनाएका छन् । जस अनुसार हालसम्म सिरहा नगरपालिकाले ५ करोड ९० लाख ८६ हजार ४ सय ३० रुपैयाँ, लहान नगरपालिकाले १ करोड ९८ लाख ४ हजार ७८ रुपैयाँ, मिर्चैया नगरपालिकाले १ करोड ७२ लाख ८१ हजार ७७ रुपैयाँ, कर्जन्हा नगरपालिकाले १ करोड ४८ लाख १५ हजार ८ सय १६ रुपैयाँ, गोलबजार नगरपालिकाले १ करोड ६ लाख ८ हजार ५ सय ५३ रुपैयाँ र धनगढीमाई नगरपालिकाले ५५ लाख ९४ हजार ६ सय ३३ रुपैयाँको खर्च विवरण सार्वजनिक गरेका छन् । यस्तै गाउँपालिकातर्फ औरही गाउँपालिकाले २ करोड २० लाख ८० हजार ९ सय ३० रुपैयाँ, बरियारपट्टी गाउँपालिकाले १ करोड ५७ लाख २३ हजार ७ सय ६७ रुपैयाँ, विष्णुपुर गाउँपालिकाले ८८ लाख ६१ हजार ७ सय १० रुपैयाँ, नरहा गाउँपालिकाले ७३ लाख ५९ हजार २ सय ४९ रुपैयाँ, लक्ष्मीपुरपत्तारी गाउँपालिकाले ६९ लाख ६५ हजार ६ सय ९५ रुपैयाँ र अर्नामा गाउँपालिकाले ३९ लाख ५९ हजार १ सय ३ रुपैयाँको खर्च विवरण सार्वजनिक गरे ।

हालसम्म ५ स्थानीय तहको खर्च विवरण भने सार्वजनिक भएको छैन । सुखिपुर नगरपालिका, कल्याणपुर नगरपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, भगवानपुर गाउँपालिका र नबराजपुर गाउँपालिकाले तत्काल खर्च विवरण उपलब्ध गराउन नसकेका हुन् । विवरण उपलब्ध नगराएका स्थानीय तहहरुलाई पनि चाँडै उपलब्ध गराउन निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले जानकारी दिए । यस्तै, जिल्ला अस्पताल सिरहाले १ करोड ३८ लाख ५९ हजार ७ सय ७ रुपैयाँ तथा जिल्ला स्वास्थ्य कार्यालय सिरहाले ३० लाख ८६ हजार २ सय ८८ रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरेका छन् । विवरण अनुसार हालसम्म सिरहामा कोरोना रोकथाम नियन्त्रण तथा उपचारमा २० करोड ९० लाख ४७ हजार ३५ रुपैयाँ खर्च भएको एकमुष्ट रुपमा खर्च भएको विवरण सार्वजनिक गरिएपनि कुन शिर्षकमा कति खर्च भयो भनेर खुलाएका छैनन् ।

# चैतदेखि असार मसान्तसम्म एक सय स्थानमा चुहावट मर्मत

**काठमाडौं/मस**– काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले चैतदेखि असार मसान्तसम्म झण्डै १०० स्थानमा चुहावट मर्मत गरेको छ । सरकारले जारी गरेको बन्दाबन्दीको अवधिमा मुख्य सडकका ठूला चुहावट भएका स्थानमा मर्मत गरिएको हो ।

सामान्य अवस्थामा भित्रि सडकभन्दा ठूला सडकमा मर्मत गर्न कठिन हुने गरेको थियो। बन्दाबन्दीको समयमा सवारी साधनको चाप कम भएकाले कोटेश्वर, बानेश्वर, थापाथलीलगायतका व्यस्त सडकमा मर्मतको काम भएको लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मिलनकुमार शाक्यले बताए ।

उनका अनुसार लिमिटेडले हाल पानी वितरण भइरहेका १०० वर्षभन्दा पुरानो पाइपलाइनको मर्मत गरिरहेको छ । मेलम्ची खानेपानी आयोजनाअन्तर्गतको पानी असारभित्रैमा उपत्यकामा झार्ने तयारी भएकाले पनि लिमिटेडले मर्मतलाई तीव्रता दिएको थियो । उनले भने, "पाइप मर्मत हाम्रो नियमित काम भए पनि अहिले लकडाउनमा यसलाई तीव्रता दिइएको छ ।"

बन्दाबन्दीको समयमा मर्मत गर्दा सामान्य अवस्थामा सवारी चाप उच्च हुने ठाउँलाई प्राथमिकता दिइएको शाक्यले बताए। मेलम्चीको पानी वितरणका लागि आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) ले आवश्यक संरचनाको निर्माण गरिसके पनि पानी आएको केही महिनासम्म पुरानो पाइपलाइनबाट काठमाडौं उपत्यकामा पानी वितरण हुनेछ ।

# एक तोला सुनको मूल्य एक लाख ३ हजार ४००

**काठमाडौं/मस**–कोभिड-१९ को महामारीका कारण अन्तरराष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य स्थानीय बजारमा शुक्रबार पनि अप्रत्याशित रूपमा बढेको छ।



बिहीबार प्रतितोला रु एक लाख दुई हजार ५०० मा कारोबार भएको पहेँलो धातुमा शुक्रबार रु एक हजार १०० ले वृद्धि भएको छ । बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख तीन हजार ५०० कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु एक लाख तीन हजार निर्धारण भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बिहीबारको तुलनामा शुक्रबार चाँदीको मूल्य रु ६० ले बढेको छ । एक तोला सेतो धातुको मूल्य शुक्रबार रु एक हजार ४०५ निर्धारण भएको छ । कोभिड-१९ को सङ्क्रमण रोक्न बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य रु १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो । त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ ।

शुक्रबार अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस २,०६१.५१ र सोही परिमाणको चाँदीको मूल्य २८.४९ अमेरिकी डलर कायम भएको छ ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमा लड्नुपर्छ । र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नै समयको माग हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
• टोनर कार्टेज रिफिल,
• CCTV, EPABX बिक्रि तथा मर्मत,
• अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**